## बागमती गाउँपालिका, मकवानपुर

# बागमती राजपत्र

खण्डः ८ | संख्याः ३ | मितिः २०८१।१०।२७


### भाग - १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बागमती गाउँपालिका, मकवानपुरको गाउँसभाले बनाएको तल लेखिएको बमोजिमको ऐन सोही दफाको उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## बागमती गाउँपालिका नगर प्रहरी ऐन, २०८१

**प्रस्तावनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(१) (क) ले दिएको अधिकार प्रयोग गरी बागमती गाउँपालिकाले यो "बागमती गाउपालिका नगर प्रहरी ऐन, २०८१" बनाई लागू गरेको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम प्रारम्भः**

क) यो ऐनको नाम "बागमती गाउपालिका नगर प्रहरी ऐन, २०८१" रहेको छ ।

ख) यो ऐन बागमती गाउँ सभाले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः**

क) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

ख) “गाउँपालिका” भन्नाले बागमती गाउँपालिकालाई सम्झनु पर्दछ ।

ग) “कार्यालय” भन्नाले गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

घ) “समिति” भन्नाले बागमती गाउँपालिकाको यस ऐन बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

ङ) “नगर प्रहरी” भन्नाले बागमती गाउँपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

च) “भत्ता” भन्नाले बागमती गाउँपालिकाले तोकिदिए बमोजिमको भत्तालाई सम्झनु पर्दछ ।

छ) “आर्थिक वर्ष” भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्त सम्मको १ वर्षको अवधिलाई सम्झनु पर्दछ ।

ज) “कार्यपालिका” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठन हुने गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

झ) “गाउँ सभा” भन्नाले बागमती गाउँपालिकाको सभा सम्झनु पर्दछ ।

ञ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नेपाल सरकारद्वारा प्रमुख प्रशासकीय अधिकृतको रुपमा बागमती गाउँपालिकामा कामकाज गर्न खटाईएको अधिकृतलाई सम्झनु पर्दछ ।

ट) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले गाउँ कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

ठ) “जवान” भन्नाले बागमती गाउँपालिकाले जवान पदमा नियुक्ती गरेको प्रहरीलाई सम्झनु पर्दछ ।

ड) “प्रहरी ऐन” भन्नाले गाउँ सभाले स्वीकृत गरेको बागमती गाउपालिका नगर प्रहरी ऐन, २०८१ लाई सम्झनु पर्दछ ।

बागमती गाउँपालिका मकवानपुर

## परिच्छेद-२

## नगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

३. **नगर प्रहरी सेवाको गठनः** (१) गाउँपालिकामा एक नगर प्रहरी सेवा समूह रहने छ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या सङ्गठन तथा सर्वेक्षण (Organization and Management) मा उल्लेख भए बमोजिम हुनेछ ।

४. **गाउँपालिकामा रहने नगर प्रहरीको पद र तहः** (१) नगर प्रहरीमा रहने नगर प्रहरीको पद र तह गाउँ कार्यपालिका कार्यालयको O and M मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

५. **नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-**

क) गाउँपालिकाको नीति, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड तथा निर्णयको कार्यान्वयन गर्ने,

ख) गाउँपालिकाको नाममा रहेको चल अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

ग) स्थानीय स्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वमा आवश्यक सुरक्षाको प्रबन्ध मिलाउने,

घ) स्थानीय हाटबजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने,

ङ) गाउँ सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयनका लागि आवश्यक सम्पूर्ण कार्य गराउने,

च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन गर्ने/गराउने कार्यमा सहयोग गर्ने,

छ) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, धार्मिक तथा साँस्कृतिक सम्पदा र भौतिक पूर्वाधारहरुको संरक्षण र सुरक्षा गर्ने,

ज) विपद् व्यवस्थापन सम्बन्धी खोज, उद्धार राहत तथा पुनर्स्थापना सम्बन्धी कार्य गर्ने,



बागमती गाउँपालिका, मकवानपुर

झ) गाउँ क्षेत्रमा राखिएका अनधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण र व्यवस्थापन गर्ने गराउने,

ञ) छाडा चौपायको नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

ट) मापदण्ड विपरित अनधिकृत रुपमा निर्माण गर्न लागेका सार्वजनिक सम्पत्तिको अतिक्रमण गरि बन्न लागेका संरचनाहरुको रोकथाम तथा नियन्त्रण गर्ने,

ठ) सार्वजनिक आवामगनमा बाधा पु¥याउने गरी बजार क्षेत्रमा राखिएका सामग्रीहरु तत्काल हटाउने व्यवस्था मिलाउने,

ड) सार्वजनिक जग्गा, बाटो, पुल-पुलेसा, मठ मन्दिर, ढल, नाला, चोक, पोखरी, चौपारी, खोला मिची कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य भए गरेको सम्बन्धमा गाउँ प्रमुखको आदेशानुसार गर्ने/गराउने,

ढ) गाउँ क्षेत्रमा अनियमित रुपमा नक्शा पास नगरी र नक्शा पास गरी निर्माण भएका संरचनाहरुको विषयमा प्रमुख प्रशासकीय अधिकृतले दिएको निर्देशन अनुसार गर्ने,

ण) जनस्वास्थमा प्रतिकुल असर पार्ने, म्याद गुज्रेका वा गुणस्तरहिन खाद्य सामग्रीहरुको बिक्री वितरण गरेको पाइएमा त्यसको प्रतिवेदन गाउँपालिकामा पेश गर्ने,

त) जनस्वास्थ्यलाई प्रतिकुल असर पर्ने स्थानमा पशुपन्छीजन्य वस्तुहरुको बिक्री वितरणमा रोक लगाउने र कसैले प्रचलित कानुनको प्रतिकुल हुने गरी पशुपन्छीको वध गरेमा तत्काल कारवाहीको लागि गाउँपालिकामा पेश गर्ने,

थ) गाउँपालिकामा रहेका भुस्याहा कुकुरको नियन्त्रण र अन्य मुत्यु भएका जीवजन्तुको व्यवस्थापन गर्ने,

द) गाउँ क्षेत्रमा रहेका खतरा जन्य घर, पर्खाल, टहरा र रुख विरुवा कटान गर्नका लागि गाउँपालिकामा सिफारिस गर्ने,

ध) गाउँपालिकामा दर्ता नभई संचालनमा रहेका व्यापार व्यवसायलाई दर्ता तथा नवीकरण गरे नगरको सम्बन्धमा अनुमगन गरी दर्ता तथा नवीकरण गर्न लगाउने,

न) गाउँपालिका भित्र प्रचलित कानुन वा गाउँपालिकाको अनुमति वेगर राखिएका व्यानर, विज्ञापन, होडिङ्ग बोर्ड, पोष्टर, भित्ते लेखन लगायतका सामग्री हटाउनका लागि गाउँपालिकामा सिफारिस गर्ने,

प) गाउँपालिकाको आयोजनामा हुने सभा, सम्मेलन, तालिम लगायतका कार्यमा आवश्यक शान्ति सुरक्षाको व्यवस्था मिलाउने,

फ) गाउँपालिका भित्र रहेका उद्योग व्यापार व्यवसायहरुले प्रचलित कानुन बमोजिम मूल्य सूची राखे नराखेको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्ने,

ब) गाउँपालिका भित्र संचालनमा रहेको होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, ब्यूटीपार्लर लगायतका व्यवसायहरु प्रचलित कानुनले तोकेको मापदण्ड अनुरुप भए नभएको अनुगमन गरी कानुन विपरित संचालनमा रहेको पाइएमा कारवाहीको लागि गाउँपालिकामा सिफारिस गर्ने ।

भ) गाउँ क्षेत्र भित्र रहेका सार्वजनिक तथा निजी स्थानमा जुवा तास खेल्ने र मदिराजन्य पदार्थको बिक्री वितरणमा गाउँपालिकाको निर्णयानुसार नियन्त्रण र व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने,

म) सार्वजनिक स्थल लगायतका क्षेत्रहरुमा अरुलाई बाधा पुग्ने गरी लाउड-स्पिकर, रेडियो लगायतका ध्वनी प्रदुषण गर्ने कार्यलाई नियन्त्रण गर्ने,

य) गाउँ क्षेत्रमा आईपर्ने दैविक प्रकोप, महामारी लगायतका कार्यमा तत्काल खटिई आवश्यक रोकथामको व्यवस्था गर्ने,

र) प्रमुख प्रशासकीय अधिकृतबाट भएको निर्देशन बमोजिमका सम्पूर्ण कार्यहरु गर्ने/गराउने ।

बागमती गाउँपालिका मकवानपुर

## परिच्छेद-४

## तह विभाजन र पदपूर्ति

६. **नगर प्रहरीको दरबन्दी सिर्जनाः** (१) गाउँपालिकामा रहने नगर प्रहरीको दरवन्दीको सिर्जना र खारेजी गाउँ सभाको निर्णय बमोजिम हुनेछ ।

(२) नगर प्रहरीको दरबन्दीको सिर्जना गर्दा त्यस्तो दरबन्दीमा रहने पदले गर्ने कार्य विवरण तयार गरी गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

७. **नगर प्रहरीमा रहने पदहरुः** (१) नगर प्रहरीको देहाय बमोजिमका पदहरु रहनेछन् ।

क. नगर प्रहरी सहायक निरीक्षक

ख. नगर प्रहरी हवल्दार

ग. नगर प्रहरी जवान

८. **नगर प्रहरी नियुक्ति :** (१) नगर प्रहरी नियुक्ति गर्न देहाय बमोजिम पदपूर्ति समिति रहनेछ ।

क. प्रमुख प्रशासकीय अधिकृत -संयोजक

ख. गाउँपालिका भित्र रहेका सुरक्षा निकायको प्रमुख -सदस्य

ग. गाउँपालिका प्रशासन शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम नगर प्रहरी जवान नियुक्ति गर्दा खुल्ला प्रतियोगिताद्वारा गरिनेछ । उम्मेदवारको आधारभूत योग्यता तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्दा प्रचलित सङ्घीय कानुन बमोजिम प्रतिशतको निर्धारण गरी गर्नु पर्नेछ ।

बागमती गाउँपालिका, मकवानपुर

(४) उपदफा (३) बमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी-जनजाति र दलित समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ।

(५) उपदफा (३) बमोजिम छुट्याईएका पदको लागि दरखास्त पेश गर्दा देहाय बमोजिमका प्रमाण संलग्न गर्नुपर्नेछ।

क. आदिवासी/जनजातिको सूचीमा स्पष्ट खुलेको जाति बाहेक अन्य जातिको हकमा नेपाल आदिवासी-जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट प्रमाणित गरेको प्रमाणपत्र।

ख. दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित गरेको प्रमाणपत्र।

(६) उपदफा (३) बमोजिम छुट्याइएको कुनै पदमा दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण नभएमा त्यस्तो पदमा खुल्ला प्रतियोगितामा सहभागी भई उत्तीर्ण भएका उम्मेदवारहरु मध्यबाट पदपूर्ति गरिनेछ।

९. **नगर प्रहरी बढुवाः** (१) नगर प्रहरीको बढुवा देहाय बमोजिम गरिनेछ।

(क) नगर प्रहरी जवान पदको पदपूर्ति सतप्रतिशत खुल्ला प्रतियोगिताद्धारा गरिनेछ।

(ख) नगर प्रहरी हवल्दार पदको पदपूर्ति ६० प्रतिशत बढुवाद्धारा र ४० प्रतिशत खुल्ला प्रतियोगिताद्धारा गरिनेछ।

(ग) नगर प्रहरी सहायक निरीक्षक पदको पदपूर्ति सतप्रतिशत बढुवाद्धारा गरिनेछ।

(घ) नगर प्रहरी बढुवा कार्यक्षमता तथा कार्यसम्पादन मूल्यांकनको आधारमा गरिनेछ। बढुवाको मापदण्ड तोकिए बमोजिम हुनेछ।

**१०.उम्मेदवारको योग्यताः** (१) नगर प्रहरी पदको लागि न्यूनतम योग्यता प्रचलित सङ्घीय कानुन बमोजिम हुनेछ ।

**११. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः** (१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. ऐनको दफा ८ उपदफा (३) ले तोके बमोजिमको प्रतिशत निर्धारण गर्ने ।

ख. पाठ्यक्रम तर्जुमा, हेरफेर तथा परिमार्जन गर्ने ।

ग. पदपूर्ति कार्यतालिका बनाउने ।

घ. विज्ञापन प्रकाशन गर्ने ।

ङ. शारीरिक तन्दुरुस्ती परीक्षा संचालन गरी लिखित परीक्षाको लागि संख्या निर्धारण गरी नतिजा प्रकाशन गर्ने।

**१२. सूचनाको म्यादः** (१) पदपूर्तिका लागि विज्ञापन गर्दा दरखास्त पेश गर्न १५ दिनको म्याद दिई स्थानीय स्तरको पत्रिकामा सूचना प्रकाशित गर्नु पर्नेछ ।

**१३. परीक्षणकालः** (१) नयाँ नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई एक वर्षको परीक्षणकालमा राखिनेछ । सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा नगर प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले थप ६ (छ) महिना परीक्षणकालमा राख्न सक्नेछ । महिला नगर प्रहरी कर्मचारीको हकमा ६ (छ) महिना मात्र परीक्षणकाल रहनेछ ।

**१४. नियुक्तिः** सबै प्रहरी कर्मचारीहरु निश्चित अवधि तोकी करारमा नियुक्त हुनेछन् ।

बागमती गाउँपालिका, मकवानपुर

## परिच्छेद -५

## विदा

**१५. विदाः** (१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा विदामा बसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

(३) विदाको किसिमहरु : नगर प्रहरीले गाउँपालिकाको प्रचलित कानुन अनुसार विदा पाउने छन् ।

**१६. विदा स्वीकृत नगराई बसेका नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउनेः** (१) यस ऐन बमोजिम विदा स्वीकृत नगराई बस्ने नगर प्रहरी कर्मचारी कार्यलयमा हाजिर हुन पाउने छैन ।

(२) उपदफा (१) को उल्लंघन गर्ने नगर प्रहरीलाई सेवाबाट हटाउन सक्नेछ ।

**१७. विदा दिने अधिकारीः** नगर प्रहरीलाई दिने सम्पूर्ण विदाहरु प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्नेछन् ।

**१८. कार्यालयमा अनुपस्थित हुने उपर कारवाहीः** विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारी गयल र तलव कट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन ।

**१९. विदाको अभिलेखः** विदा दिने अधिकारीले आफ्नो मातहतका सबै नगर प्रहरी कर्मचारीको विदाको अभिलेख किताब खडा गरी लगत राख्ने र प्रशासन शाखालाई १५ दिन भित्र अनिवार्य लिखित जानकारी दिनुपर्नेछ ।

बागमती गाउँपालिका, मकवानपुर

## परिच्छेद-६

## अनुशासन तथा आचरण

२०. नगर प्रहरीको अनुशासन तथा आचरण सम्बन्धी व्यवस्था निजामती सेवा ऐन तथा नियमावली बमोजिम हुनेछ ।

क. स्थानीय सङ्घीय प्रहरी तथा सुरक्षाको अंग सँग समन्वय तथा आवश्यक तालमेल गरी आवश्यकता अनुसार सल्लाह गरी कार्य अगाडि बढाइने छ ।

## परिच्छेद-७

## सजाय र पुनरावेदन

२१. **सजायः** उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ ।

क. नसिहत दिने ।

ख. तलब वृद्धि रोक्का गर्ने ।

ग. तल्लो तहमा घटुवा गर्ने ।

घ. लापरवाही गरी गाउँपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा अंशिक रुपमा तलब भत्ताबाट कट्टी गरी असुल गर्ने ।

ङ. भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

२२. **नसिहत दिनेः** (१) प्रमुख प्रशासकीय अधिकृतले दिएको आदेशको अवज्ञा गर्ने वा तोकिए बमोजिमको आफ्नो काम/कर्तव्य पूरा नगर्ने नगर प्रहरी कर्मचारीलाई नसिहत दिईनेछ ।

(२) उपदफा (१) बमोजिम १ बर्षमा ३ पटक भन्दा बढी नसिहत पाएका नगर प्रहरी कर्मचारीलाई प्रक्रिया पूरा गरी सेवाबाट हटाईने छ ।

बागमती गाउँपालिका, मकवानपुर

२३. **तलब वा बढुवा रोक्ने:** नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ।

२४. **तह र तलब घटाउने:** (१) कुनै नगर प्रहरी कर्मचारीले देहाय बमोजिमको कसुर गरेमा निजलाई १ तह घटुवा गरी सोही घटुवा भएको तहको तलब/भत्ता उपलब्ध गराईनेछ।

क. सन्तोषजनक काम नगरेमा।

ख. अनुशासनहीन आचरण तथा व्यवहार गरेमा।

ग. आचारण सम्बन्धी ऐन उल्लंघन गरेमा।

घ. नियुक्ति भएको पाँच वर्षभित्रै नोकरीबाट अलग हुन झुट्टा विवरण पेश गरेमा।

ङ. गाउँपालिकाले दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा।

च. मनासिव कारण विना वा विदा स्वीकृत नगराई विदामा बसेमा।

छ. तोकिए बमोजिमको जिम्मेवारीमा लापरवाही गरेमा वा पूरा नगरेमा।

२५. **सेवाबाट हटाउने वा बर्खास्त गर्ने:** (१) नगर प्रहरी कर्मचारीले देहायका बमोजिमको कसुर गरेमा सेवाबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ।

क. अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेमा।

ख. राजनीतिमा भाग लिएमा,

ग. बारबार अनुशासनहीन काम गरेमा,

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भएमा,

ङ. कार्यालय समयमा मादक पदार्थ सेवन गरी हिँडेमा,

च. प्रचलित कानुन बमोजिम भ्रष्टाचारजन्य कसुर गरेमा,

बागमती गाउँपालिका मकवानपुर

छ. पदिय जिम्मेवारी अनुसारको आचरण नगरेमा,

ज. आचरण सम्बन्धी नियमहरु पटक पटक उल्लंघन गरेमा ।

२६. **सजाय सम्बन्धी कार्यविधिः** (१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने र गराउन आदेश दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको विषय र सजाय स्पष्ट खुलाई सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सफाई पेश गर्ने आदेश दिँदा लगाईएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ । त्यस्तो नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाई र प्रस्तावित सजायको लिखित रुपमा स्पष्टीकरण पेश गर्नुपर्नेछ ।

तर भागी पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्बन्धमा यस ऐन बमोजिमको ऐनको रीत पुऱ्याउनु पर्ने छैन ।

(३) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगरप्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचना सम्म दिनुपर्नेछ ।

(४) सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनु पर्ने छैन ।

(५) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम् वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ । जाँचबुझ गर्ने अधिकारीले आवश्यकता अनुसार सम्बन्धित नगर प्रहरी कर्मचारी समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुत प्रमाण दाखिला गर्नुपर्नेछ ।

(६) कुनै फौजदारी अभियोग गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्बित हुनेछ । तर,

क. निलम्बित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको चौथाइ तलब पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै (तलब वृद्धि हुने भएमा सो समेत) पाउने छ । कसुरदार ठहरीएमा निलम्बन भएका मिति देखिको बाँकी तलब भत्ता पाउने छैन ।

ख. कुनै कर्मचारी गाउँपालिकाको कामको सम्बन्धमा वा नेपाल सरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्बन भएको नभई अरु नै कारणबाट निलम्बन रहन गएको छ भने त्यसरी निलम्बन रहेको अवधिको तलब भत्ता पाउने छैन ।

**२७. सजायको आदेश दिनेः** जाँचबुझको काम समाप्त भएपछि सम्बन्धित नगर प्रहरी कर्मचारीलाई स्पष्टीकरण सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनु पर्नेछ ।

## परिच्छेद-८

## उपचार खर्च सम्बन्धी व्यवस्था

**२८. उपचार खर्चः** (१) नगर प्रहरी कर्मचारी कामकाजका सिलसिलामा बिरामी भएमा औषधि उपचारको लागि देहाय बमोजिम भएको खर्चको रकम गाउँपालिकाले उपचार खर्च वापत दिनेछ ।

क. अस्पतालमा उपचर गराउँदा लागेको बिल बमोजिमको रकम र मान्यता प्राप्त अस्पतालको चिकित्सकले सिफारिस गरे बमोजिमको औषधि खर्च रकम ।

ख. प्लाष्टिक सर्जरी र सरकारी अस्पतालमा अपरेशन गर्दा लागेको बिल बमोजिमको रकम ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर प्रहरी कर्मचारीलाई सेवा अवधि भरमा अधिकृतस्तरको भए ८ महिना र सो भन्दा मुनि पदको लागि १२ महिना बराबरको तलब रकम एकमुष्ठ उपचार खर्च वापत दिईने छ । यसरी उपलब्ध गराईने रकम सेवाबाट अवकाश हुँदाका बखत उपलब्ध गराईने छ ।

(३) झुट्टा विवरण पेश गरी यस ऐन बमोजिम उपचार खर्च माग गर्ने वा लिने नगर प्रहरी कर्मचारी उपर विभागीय कारवाही गरिनेछ । त्यसरी उपचार खर्च लिई सकेको भए सो रकम समेत सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

## परिच्छेद-९

## तलब, भत्ता

**२९. तलब भत्ताः** (१) नगर प्रहरी कर्मचारीले नियुक्त भएको मिति देखि तलब/भत्ता पाउने छ ।

(२) उपदफा (१) बमोजिमको तलब/भत्ता प्रचलित कानुन अनुसार हुनेछ ।

**३०. तलब वृद्धि तथा सेवा सुविधाः** (१) नगर प्रहरी कर्मचारीलाई सङ्घीय तथा प्रदेश सरकारले अन्य सरकारी कर्मचारीलाई बढाए सरहको अनुपातमा तलब वृद्धि गरिनेछ ।

(२) अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१०
## तालिम

**३१. तालिमको व्यवस्थाः** (१) नयाँ नियुक्ति हुने नगर प्रहरी कर्मचारीलाई कम्तीमा १५ दिनको तालिम दिई कामकाजमा खटाईनेछ ।

(२) उपदफा (१) बमोजिमको तालिमको पाठ्यक्रम र विधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-११

## पोशाक सम्बन्धी व्यवस्था

**३२. पोशाक भत्ताः** (१) नगर प्रहरीको पोशाकको रंग, किसिम र अन्य विवरण गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम पोशाकको लागि आवश्यक भत्ता गाउँ सभाले तोके बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम भत्ता बर्षको एक पटक उपलब्ध गराईनेछ ।

## परिच्छेद-१२

## विविध

**३३. सेवा करार सम्बन्धमाः** (१) यस ऐन मा जुनसुकै कुरा लेखिएको भएतापनि करार सेवामा नगर प्रहरी नियुक्ती गर्न कुनै बाधा पर्नेछैन ।

(२) उपदफा (१) बमोजिम नियुक्ती गरिने नगर प्रहरी सेवा सुविधा लगायतका विषय करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**३४. ऐन संशोधन** : यस ऐनको आवश्यक संशोधन तथा थपघट बागमती गाउँ सभाले गर्न सक्नेछ ।

**३५. नियम तथा कार्यविधि बनाउन सक्नेः** (१) यस ऐन बमोजिम गाउँ कार्यपालिकाले आवश्यक नियम तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

आज्ञाले,
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

बागमती गाउँपालिका, मकवानपुर